अन्तिम लेखापरीक्षण प्रतिवेदन

गौमुल गाउँपालिका
बाजुरा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

गौमुल गाउँपालिका

बाजुरा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

गौमुल गाउँपालिका

बाजुरा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ९६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

गौमुल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

बाजुरा ।

१. **कैफियत सहितको राय** — हामीले गौमुल गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ५५ लाख ४४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट फस्यौंट नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १० लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३० लाख ७६ हजार, नियमित गर्नुपर्ने रु. १४ लाख २ हजार समेत रू. १ करोड ५५ लाख ४४ हजार रहेको छ । गौमुल गाउँपालिकाको गतवर्ष सम्म रु. १० करोड ७५ लाख ५१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ६३ लाख ९४ हजार रहेको छ। **गौमुल**

गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गौमुल गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गौमुल गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

गौमुल गाउँपालिका,

बाजुरा जिल्ला।

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
५६	८	१५५४४	०	०	०	५६	८	१५५४४	१०६६	१४०२	१३०७६	०	०	१४४७८	०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बाजुरा	१०७५५१	०	१६७०१	९०८५०	०	१५५४४	१०६३९४

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७८।७९			
१	०७८।७९	विभिन्न दफा	नाम्सको अनुसूचीबाट प्राप्त	१६७०१
	जम्मा			१६७०१

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय**

(क)परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । गौमुल गाँउपालिकामा ३३ गाउँसभा सदस्य, ६ वटा वडा रहेको छ भने क्षेत्रफल ३१४.६६ वर्ग किलोमिटर तथा ८,९१३ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको प्राप्ति तथा भूक्तानी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५। १७ देखि २०८०।५। २० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आयतर्फ रु ४७५१२३४८९ र व्ययतर्फ रु. ४७४३६४६९९ गरी जम्मा रु. ९४,९४,८८,१८८ को लेखापरीक्षण सम्पन्न गरिएको छ ।सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५८,०७५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	सामाजिक सुरक्षाको रकम बैङ्कमा पार्किङ्ग रहेकोमा फिर्ता दाखिला	५०,०६८
२	सामाजिक सुरक्षा नगद वितरण गर्दा भरपाई नभएको रकम फिर्ता दाखिला	८,००७

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण परीक्षण

२.१ **प्राप्ति तथा भुक्तानी हिसाब** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गौमुल गाँउपालिका बाजुराले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७९।८०मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था संलग्न अनुसुचि बमोजिम रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ३५२६०९५०।५९एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ५२३२६००० र गरीवसंग बिश्वेश्वर कार्यक्रमको रु.४६३००० र संघिय राजश्व रु १४०१५६५८ समेत गरी रु १०२०६५६०८। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक

अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु६९१९०९२.६८यस वर्षको प्राप्ति रु. ११४१३२८६७.८यस वर्षको भुक्तानी रु१०७२०५७२८.६६ र बैङ्क मौज्दात रु ८०४६.०९फरक परेको छ । साथै म.ले.प.फा.नं.२७२ को यस बर्षको अन्तिम मौज्दात र सोहि विबरणको अनसुचि २४ को अन्तिम मौज्दातमा रु १७९९५५।६१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा २.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.५ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ३,१३,५६,९४४।१० मौज्दात रहेकोमा यो वर्ष रु ३,०७,८१,४६५।७०जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ५,७५,४७८।४० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	५,७५,७४८.४

२.६ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातको हिसाव मिलान भएको देखिएको छ।

(विस्तृत विवरण बेरूजु दफा २.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.७ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ३९,४२,८००, राजस्व बाँडफाँड र अनुदानबाट रु ३६,९५,३५,०६० समेत रु ३७,३४,७७,८६० आम्दानी भएकोमा चालु तर्फ रु २२,९०,७२,१३४ र पूँजिगत तर्फ रु ११,४९,२३,०१४ समेत रु ३४,३९,९५,१०८।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५८७५५१०।१९ खर्च भएको छ जुन आन्तरिक आयको १४९.०१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.२३प्रतिशत चालु र ३०.७७प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

३ **बजेट तथा कार्यक्रम**

३.१ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु प्रत्येक वर्षको वैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले प्रत्येक वर्षको वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा समितिले २०७९।३।६ मा मात्र एक आर्थिक बर्षको बजेट प्रक्षेपण गरेको छ । ऐनमा व्यवस्था भएको अवधिभित्र बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.२ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु ४१ करोड ९ लाख १२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

३.३ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्न अनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल २९ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २०	रु.५लाख भन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	२८	८	१२	४
२.	वडास्तरीय	४	०	०	४

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २८ योजनामात्र कार्यान्वयन भई १ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.४ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- कार्यालयले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो। कुल पुँजीगत खर्च रु १२ करोड ५६ लाख ७९ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड ११ लाख ५३ हजार, दोश्रो त्रैमासिकमा रु २ करोड २१ लाख २३ हजार.तेस्रो त्रैमासिकमा रु २ करोड ७८ लाख ८५ हजार, चौथो त्रैमासिकमा रु.६ करोड ४५ लाख १८ हजार र असार महिनामा मात्रै रु ४ करोड ८७ लाख १२ भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत रु. ५ करोड ५५ लाख ३१ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा २९.५९ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

३.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसुचीमा उल्लेख गरिएको छ । विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ९५.८६प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटीमा ८३.४५ प्रतिशत रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा ३.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.६ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी यस वर्षको बजेटमा समेत गत वर्षको रु ७००७४०० भुक्तानी दिन बाँकी रकम वजेट कायम गरी चालु खर्च शिर्षकवाट रु.४६,८९,११९ र रु.२३,१८,२८१ पुँजिगत खर्च शिर्षकबाट गरी रु.७०,०७,४०० दायित्व भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गरीनुपर्दछ।

४ आन्तरिक नियन्त्रण प्रणाली

४.१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक सञ्चितकोष, धरौटी, बिबिध खर्च खाता र प्रकोप ब्यबस्थापन कोषको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४.२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको देखिएन।
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको, देखिएन .

खरिद व्यवस्थापन तर्फ

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक परीक्षणलाई अनिवार्य गरीएको देखिएन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

- उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरी आबश्यक कार्वाही गरेको गरेको देखिएन ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

विविध तर्फ

- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिईको छैन
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको को छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको कोष, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४.३ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५ वटा सहकारी संस्था रहेका छन। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

५.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशाकीय अधिकृत सहित १३ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्ति नहुँदा पालिकाको कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

५.२ कर्मचारी व्यवस्था - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु १४०१८९०।००भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

पद	नियुक्ति संख्या	वार्षिक तलव भत्ता रु.
तथ्याङक संकलक	१	३,७१,९३०
अमिन	१	३,७१,९३०
नृत्य प्रशिक्षक	१	२,८६,१००
खेल प्रशिक्षण	१	३,७१,९३०
जम्मा	४	१४,०१,८९०

अनियमित भएको	१४,०१,८९०

५.३ अवकास कोष — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ ।

६ आन्तरीक आय

६.१ आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले

पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २४,३०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३९,४२,८०० अर्थात अनुमान भन्दा १६२।२५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६.२ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो।

६.३ **रसिद नियन्त्रण खाता -** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदि रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ । गत वर्षको मौज्दात, यो वर्षको आय, यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नुपर्नेमा सो खाता तयार गरेको पाइएन। आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय ठेलीहरु फिर्ता आएको छैन ।जसले गर्दा गाउँपालिकाको आम्दानी र ठेलीको प्रयोगमा एकिन हुन नसकिएकोले पालिकाले नगदी रसिदको हिसाव एकिन गरी बाँकी देखिएको आय दाखिला गरिनुपर्दछ।

६.४ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर सङ्कलन गरेको आन्तरिक राजस्व वित्तिय प्रतिवेदनमा देखिएन। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन्। पालिकाको व्यवसाय दर्ता किताबमा हाल सम्म १७५ वटा व्यवसायहरु दर्ता गरिएका छन ।जस मध्ये आ.व. २०७९।८० मा कति नयाँ दर्ता भए, कति नविकरण गरिए, कति खारेज भए यसको अद्यावधिक विवरण राखिएको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।यसका लागि सम्बन्धित शाखा प्रमुखलाई जिम्मेवार बनाउनु पर्छ ।

६.५ **ब्याक-हो लोडर आम्दानी-** गौमुल गाउँपालिको डोजर (जे सि वि) सञ्चालन कार्यविधि २०७८ बमोजिम पालिकाले आर्थिक बर्ष २०७९।८० मा विभिन्न व्यक्ति वा संस्थालाई डोजर भाडामा दिई आम्दानी गरेकोमा यस आर्थिक बर्षमा देहायका व्यक्ति तथा फर्मले डोजर प्रयोग गरि राजस्व नबुझाएकाले असुल हुनु पर्ने रु

क्र. सं	प्रयोगकर्ताको नाम	प्रयोग समय अवधि	दर रु.	रकम रु .
१	बडिमालिका नगरपालिका वडा नं १ पिनालेख सडक मर्मत (डबल दानी)	३० घण्टा २० मिनेट	४०००	१,२१,२००
२	बडिमालिका नगरपालिका वडा नं ३ सडक मर्मत (गोपाल खड्का)	१७ घण्टा १४ मिनेट	४०००	६९,६००
३	बाजुरा जिल्ला अदालत भवनमा पि (एस कन्सट्रक्शन)	१७ घण्टा ५४ मिनेट	४०००	७१,६००
४	खप्तड छेडेदह गाउँपालिका सडक मर्मत (खगेन्द्र रावत)	२०१ घण्टा ६ मिनेट	४०००	८,०४,४००
जम्मा				१०,६६,८००
			असुल गर्नुपर्ने	१०,६६,८००

७ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

७.१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो स्थानिय तहमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

- सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपर्युक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपर्युक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले भवन निर्माण गर्दा स्विकृति लिएको देखिएन।

(विस्तृत विवरण बेरूजु दफा ७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७.२ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८०।५।१७ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

७.३ **यन्त्र उपकरण सञ्चालन-** पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरणमा लगानी र आय विष्लेषण समेत गरेको पाइएन ।यसरी यन्त्र उपकरण सञ्चालन व्यवस्थित गर्न सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

क्र.सं.	सामानको विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत	आय	खर्च	वचत
१	ब्याकोही लोडर	८५९२२५	८२०१९०	४९२१८४	२६००१०४	२२४६७४४	३५३३६०

७.४ **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण -** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ।

८ कानून निर्माण एवं कार्यान्वयन

८.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा

सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ६ वटा नियमावली, १८ कार्यविधि १६ निर्देशिका २ नीति लगायत ५४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । राजस्व सङ्कलन तथा खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न अति आवश्यक कानुन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन बनाएको देखिएन । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको आम्दानी खर्च ब्यवस्थान कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन। पालिकाको आम्दानी खर्च ब्यबस्थापन, कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई नगरपालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ।

८.२ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको ३ गरी कुल ६ विवाद दर्ता भएकोमा २वटा मात्र फस्यौंट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

९ **बिबिध खर्च -** महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शिर्षकमा रु.२०,००,०००।०० बजेट व्यवस्था गरेकोमा खाजा खानामा रु. ५,६१,५४७।०० खर्च गरेको छ। उक्त खर्चमा होटलको बिल पेश हुने गरेको र बिलमा खाजा, खाना, नास्ता लगायत समाबेश हुने गरेको छ। खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र गरेको छ। खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ। औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन। प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ।

१० **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फस्यौंट गर्नु पर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत बर्ष दिएको निम्नानुसार पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्यौंट हुन बाँकी रहेकोले खरिद सम्झौतामा भएको ब्यबस्था अनुसार फछ्यौंट गरिनुपर्दछ ।

बिबरण	पेश्की लिनेको नाम	पेश्की रकम	कैफियत
१५ वेड अस्पताल	पि एस जे भि	१,१७,१३,८६२	बिगतको पेश्की

विद्यालय भवन निर्माण	पुर्ण निर्माण सेवा	५,९२,०००	बिगतको पेश्की
जम्मा		१,२३,०५,८६२	

११ **गाउँपालिका पूँजीगत**

११.१ **समानीकरण अनुदान रकमको उपयोग -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण अनुदान रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र प्रशासनिक एवं कार्यालय सञ्चालन शिर्षक वा विषयमा खर्च गर्न नपाईने व्यवस्था छ । आयोगको मार्गदर्शन विपरित पालिकाले देहाय बमोजिम प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा रु ३५०१९१० खर्च गरी भुक्तानी दिएको देखियोले यस्तो खर्च क्रमश नियन्त्रण गरिनुपर्दछ ।

वजेट खर्च शिषक	बजेट रकम	खर्च रकम
संचार महसुल	८,००,०००.००	१,२०,०००.००
अनुगमन, मूल्यांकन खर्च	१०,००,०००.००	९,९३,९८६.००
भ्रमण खर्च	१७,८३,०००.००	५,६५,१००.०
विविध खर्च	२०,००,०००.००	१८,२२,८२४.००
जम्मा	५५,८३,०००	३५,०१,९१०

११.२ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका खरिद तथा निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस बर्ष आह्वान भएका ३ वटा बोलपत्रको लागत अनुमान रु ३,४९,४५,२२५ भएकोमा प्रतिस्पर्धावाट ३ वटा वोलपत्रदाता छनौट भई रु २,०४,७६,९७३ मा सम्झौता भएको छ। यस्ता योजना लागत अनुमान भन्दा ३७ देखि ४७.४९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सञ्चालन गरी भुक्तानी गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित

निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण अनुसूचीमा उल्लेख छ।

(विस्तृत विवरण बेरूजु दफा ११.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

११.३ **म्याद थप-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ। तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन। तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार केहि म्याद थप सम्वन्धी विवरण अनुसूचीमा उल्लेख गरिएको छ।

(विस्तृत विवरण बेरूजु दफा ११.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

११.४ **वीमा-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले अनुसुचिमा रहेका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ११.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

११.५ **कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटि सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त

प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गरी, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा कार्यपालिका समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरेको देखिएन। अतः कार्य स्विकार भएका कार्यको नियममा भएको व्यवस्था बमोजिम कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्दछ।

११.६ **कन्टिन्जेन्सी खर्च-** सार्वजनिक खरिद नियमावली २०६४ क नियम १० (७) मा निर्माण कार्यको लागत अनुमानमा ४ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्ने व्यवस्था छ। सोही खरिद नियमावलीको अनुसूचि १ को द्रष्टव्यमा वर्क चार्ज, स्टाफ खर्च फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृति गराई गर्नु पर्ने छ । पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धमा कार्यविधि स्वीकृति नगराई देहाय बमोजिम रु. ९,८५,९५७ खर्च गरेको देखिन्छ । पालिकाले चालु प्रकृतिको खर्च समेत कन्टिजेन्सी शिर्षकबाट खर्च गरेको हुदा कन्टिजेन्सी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ११.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

११.७ **परामर्स तथा डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	**परामर्शदाता**	**स्वीकृत रकम**	**खर्च रकम**	**अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत**
Consulting Service for Preparation of Detailed Project Report of Malekhara Motorable Bridge at Siyadhunga-Amlish Road	SWODESH Engineering Consultancy Pvt. Ltd. Budhinanda Mun. 2, Bajura	1588905.19	1570700	87645300.34

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

१२ गाउँपालिका चालु

१२.१ **सवारी साधन कर वाडँफाडँ -** राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा सवारी साधन वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक ट्राफिक ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथासार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा प्राप्त भएको यस बर्षको सवारी साधन कर वाडँफाडँ रकम रु ९,४४,८०१

आयोगले जारी गरेको मार्गदर्शनमा वमोजिमवजेट बिनियोजन नगरी बिबिध कार्यक्रममा बिनियोजन गरि खर्च गरेको देखीएकोले यस्तो खर्च क्रमश नियन्त्रण गरिनुपर्दछ।

१२.२ **सिधै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मासामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्वतयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा विनियोजन भएको बजेट रु ५०,००,०००।०० को खरिद योजना नबनाइ पटक पटक विनियोजन भएको मध्ये रु ४१७४७६०।०० खरिद गरेकोले आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१२.३ **सवारी साधन भाडा-** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १३ बमोजिम अन्य सेवामा लागत अनुमान नियम ९ को अधिनमा रहि मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (घ) मा पटक पटक सिमाभन्दा वढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाउने, २० लाख रुपैया सम्म लागत अनुमानभएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा शिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यावस्था छ। पालिकाको सवारी साधन नभएकोले अत्यवश्यक कामका लागी भाडामा लिएको सवारी साधनको उल्लेखित नियमको पालना नगरी आन्तरीक श्रोत र समानिकरणमा विनियोजन भएको रु १६,१०,००० मा सवारी भाडा खर्च रु. १०,४४,००० लेखेको देखिएकोले खरिद कानुन बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१२.४ **दैनिक भ्रमण भत्ता -** नेपाल सरकारले बिभिन्न सरकारी, गैर सरकारी र निजिक्षेत्रका बिभिन्न निकायमा कार्यरत कामदार तथा कर्मचारीलहरुले पाउने पारीश्रमिक एवं बित्तीय सुबिधा बैक खाता मार्फत अनिबार्य भुक्तानीको ब्यबस्था मिलाउनुपर्ने भनी मिति २०७५।३।३२ निर्णय गरी नेपाल राजपत्रमा सुचना प्रकाशन गरेको छ। पालिकाले यस बर्ष अनुगमन मुल्यङकन तथा दै भ भ वापत रु ८,७५,०२०।०० दै भ भ बील बमोजिम चेक मार्फत भुक्तानी गरेकोले नेपाल सरकारको निर्णय बमोजिम कर्मचारीहरुले पाउने पारीश्रमिक एवं बित्तीय सुबिधा बैक खातामार्फत अनिबार्य भुक्तानीको ब्यबस्था मिलाउनुपर्दछ ।

१२.५ **स्वयंसेवक शिक्षक -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक, कर्मचारी , तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट विनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र प्रशासनिक एवं कार्य सञ्चालन आदिमा विनियोजन गरी खर्च गर्न नपाईने व्यवस्था छ। पालिकाले स्वयंसेवक शिक्षकको दरबन्दि स्वीकृत गरी रु ३७,३७,१२०।०० भुक्तानी गरेकोमा उल्लेखित ऐन तथा मार्गदर्शन विपरीत

र शिक्षक बिद्यार्थि अनुपात समेत बिश्लेषण नगरी शिक्षक, वित्तीय समानीकरणबाट दिन मिल्ने आधार नदेखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा १२.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१३ **शैक्षिक तथा व्यवस्थापकीय योजना** - कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान निकासा दिदा यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयविच सम्झौता गर्नुपर्ने तथा विद्यालयले सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले वाल विकास मा बि गोश्वारा भौचर नं ४८।०८०।३।११ बाट रु २५,००,०००।०० अनुदान उपलब्ध गराएकोमा अनुगमन गरी कार्यप्रगति पेश गरेको नपाईएकोले अनुगमन गरी कार्यप्रगति पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	२५,००,०००

१४ **शसर्त शिक्षातर्फ**

१४.१ **विद्यालयगत निकासा रजिष्टर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको शिर्षकगत विवरण खुल्ने गरी विद्यालयगत अभिलेख राख्नु पर्नेमा राखेको छैन। जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम भिडान गर्न सकिएन । पालिकाले विद्यालयलाई दिने निकासाको शिर्षकगत अभिलेख खाता राखि पारदर्शि गर्नु पर्दछ।

१४.२ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालयको किसिम	**विद्यालय संख्या**	**शिक्षक दरबन्दी**	**पदपूर्ति**	**पदपूर्ति मध्ये करार**	**विद्यार्थी संख्या**
१	माध्यामिक तह	६	४६	४६	१९	१५२३
२	आधारभुत तह १ देखि ८	१७	५१	५१	१८	८१९
	जम्मा	२३	९७	९७	३७	२३४२

शिक्षकको ९७ दरबन्दी रहेकोमा ३७ जना करारबाट पदपूर्ति भएको देखिएकोले दरबन्दी बमोजिम स्थायी शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

१४.३ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली २०५९ को अनुसुचि ३ को (ठ) अनुसार हिमाली जिल्लाको सामुदायिक विद्यालयहरुमा सामान्यतया ४० जना विद्यार्थी बराबर १ जना शिक्षकको व्यवस्था हुनु पर्ने व्यवस्था छ।

पालिकाबाट प्राप्त विद्यालयगत शिक्षक तथा विद्यार्थी विवरण अध्ययन गर्दा देहायका केहि विद्यालयहरुमा विद्यार्थीको अनुपातमा शिक्षकहरुको संख्या अधिक रहेको देखिन्छ। भौगोलिक अवस्था, आवश्यकता र औचित्यता समेतलाई ध्यानमा राखि विद्यार्थी संख्या घटी भएका विद्यालयहरुलाई नजिकका विद्यालयसंग मर्ज गरी शिक्षकहरुको समयोजन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्नु देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा १४.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१४.४ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७८३ जना रहेका छन। पालिकाले बोलपत्रको इविड खरिद विधिबाट दोश्रो पटक आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०।२।२३ गते प्रकासित सुचना अनुसार ४ वटा बोलपत्र इविड मार्फत पेश भएकोमा मुल्याँकन समितिले ४ वटै बोलपत्र प्राविधिक रुपमा योग्य ठहर गरी आर्थिक मूल्याँकनको लागि पेश भएकोमा सवै भन्दा घटि कवोल गर्ने फर्म गिताश्विनी प्रमोड प्रा लि को प्रति पाकेट रु ३८ का दरले स्वीकृत गरी १०,५६४ पाकेट थान स्यानिटरी प्याड रु. ४,५३,६१८।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेकोमा आर्थिक वर्ष पश्चात विद्यालयलाई वितरण गरेको र विद्यालयबाट विद्यार्थिहरुलाई वितरण भएको भरपाई पेश भएको देखिन्छ। पेश भएका भरपाईहरुको सम्वन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। पालिकाले खरिद योजना तयार गरी आवश्यकताको पहिचान गरी शैक्षीक सत्रको शुरुमै आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

१५ **विद्यालय भौतिक पूर्वाधार निर्माण-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै नमुना बिद्यालयको भौतिक पुर्वाधारको लागि देहायका विद्यालयलाई रु १ करोड निकासा भएको छ। तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

क सं	**विद्यालयको नाम**	**निकासा प्रयोजन**	**निकासा रु.**
१	वाल विकास मा बि	नमुना बिद्यालय भौतिक पुर्वाधार	१,००,००,०००
		प्रमाण पेश नगरेको	१,००,००,०००

१६ **शसर्त स्वास्थ्यतर्फ**

१६.१ **औषधि खरिद –** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय सरकार सशर्त अनुदान चालु खर्च बजेट उप शिर्षकबाट सहारा मेडिसिन डिस्ट्रिब्युटर्स समेत सात वटा फर्म सँग रु २१,४३,६९२।०० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

१६.२ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ९ वटै स्वास्थ्य केन्द्रको बर्थिङ सेन्टरको लागि यस वर्ष ४५० थान को रु. ४,३०,६७०।०० खरिद गरेको छ ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष २९४ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १५६ थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

१६.३ **प्रगति-** पालिकाबाट प्रेषित विवरण अनुसार पालिका अन्तर्गत रहेका ९ वटा स्वास्थ्य संस्था तथा प्रसुति केन्द्रबाट यस वर्ष करिव १२,८९१ जना विरामिलाई सेवा प्रवाह भएको छ। स्वास्थ्य शाखाबाट संचालित सेवाबाट दिएको मुख्य मुख्य सेवा देहाय अनुसार छन्ः

क्र श	विवरण	प्रगति संख्या
१	क्षयरोगिको नियमित औषधि सेवन गर्नेको संख्या	२६ जना
२	ग्यास्ट्राटिस सेवा लिनेको संख्या	११२६ जना
३	ज्वरो रोगिको सेवा लिनेको संख्या	८१४ जना
४	टाउको दुख्ने सेवा लिनेको संख्या	६७५ जना
५	काट्टिका (लडेर हातगोडा भाच्ने मर्कने) सेवा लिने संख्या	४७२ जना
६	स्वास्थ्य संस्थामा प्रसुति हुनेको संख्या	२९४ जना

७	नियमित खोपको कभरेज	७८ जना
८	श्वासप्रश्वास रोगीले सेवा लिनेको संख्या	१४५६ जना

विरामिले शारिरिक र मानसिक समस्या पर्दा घरमै रोग पालेर बस्ने तथा धामि झाँक्रिका गइ उपचार गराउने अन्ध विश्वासलाई चिर्दै स्वास्थ्य संस्थाले दिने सेवा प्रति नागरिकको विश्वसनियता वृद्धि गरी सरकारद्धारा प्रदान गरेका निशुल्क स्वास्थ्य सेवाको सर्व सुलभ तथा गुणस्तर अभिवृद्धिमा पालिकाले ध्यान दिनु पर्दछ।

१७ शसर्त कृषिपशु तथा लघु उद्यम विकास तर्फ

१७.१ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना-** परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। साथै उक्त म्यानुअलको बुँदा ४.१.९.२ को क्रियाकलापका सूचीमा मात्र स्थानीय तहले खर्च गर्नु पर्ने व्यवस्था छ।

क) पालिकाले २०७८।७९ मा स्थापना भएको स्याउ ओखर बाली पकेट विकास कार्यक्रम ५० प्रतिशत साझेदारीमा गौमुल स्याउ ओखर पकेट सञ्चालन समितिमार्फत कार्यक्रम गरी रु. ६०००००।०० अनुदान उपलव्ध गराएको छ। समितिले स्याउ कलमी ६५०० र ओखर १५०० थान प्रति थान क्रमश रु. ७७ र ४४ का दरले जम्मा रु. ५६६५०० तथा कृषि सामाग्री निलो तुथो र चुन रु ३३५०० खरिद गरी समूहका कृषकहरुलाई वितरण गरेको छ ।

ख) पालिकाले २०७९।८० मा स्थापना भएको नयाँ स्याउ ओखर पकेट विकास कार्यक्रम हाईटेक कृषक समूहलाई रु. १२ लाख अनुदान दिइ संचालन गरेको छ। यसै गरी २०७९।८० मा स्थापना भएको नयाँ दलहन बाली पकेट विकास कार्यक्रम आला कृषक समूह ३ बाजुरालाई रु. १२ लाख अनुदान उपलव्ध गराइ संचालन गरेको छ।

ग) कार्यक्रमको प्रगति - प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगत २०७८।७९ को स्याउ/ ओखर बाली पकेट विकास कार्यक्रम निरन्तरताको लागि रु. ६ लाख बजेट व्यवस्था भएकोमा रु. ६ लाख खर्च भइ वित्तिय प्रगति शत प्रतिशत हासिल भएको छ । आ व २०७९।८० को नयाँ स्याउ ओखर पकेट विकास कार्यक्रम संचालन गर्न रु. १२ लाख बजेट व्यवस्था भएको र दलहन बाली पकेट विकास कार्यक्रमको लागि रु. १२ लाख गरी जम्मा रु.२४ लाख बजेट व्यवस्था भएकोमा सवै खर्च भइ शत प्रतिशत वित्तिय प्रगति हासिल भएको देखिन्छ । कार्यक्रमको भौतिक तथा भारित प्रगति तयार गर्नुपर्नेमा तयार गरेको देखिएन। कार्यक्रमबाट लाभान्वित कृषकहरुले कृषिबाली उत्पादनमा पुर्याएको योगदानको मापन गरी कार्यक्रमको प्रभावकारीताको मूल्याँकन गर्नु पर्दछ।

१७.२ **पशु विकास कार्यक्रम** – पालिकाले पशु विकास कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान मिसन कार्यक्रम तथा लम्पी स्किन रोग नियन्त्रण लगायतका कार्यक्रम संचालन गर्न शसर्त अनुदानमा रु ५ लाख बजेट व्यवस्था भएकोमा रु. ५ लाख खर्च भइ वित्तिय प्रगति शत प्रतिशत हासिल गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

कृत्रिम गर्भाधान कार्यक्रम संचालन गर्न आवश्यक औजार सामाग्रीहरु कन्टेनर ५० लिटर, मदर कन्टेनर ३० लिटर र रेफ्रिजेरेटर ३ लिटर औषधि लगायत खरिदमा रु ३,५०,०००।०० खर्च लेखेको छ । पालिकाको भनाइ अनुसार चिसो हावापानीको कारण तयस क्षेत्रका कृषकले पालेका बस्तुभाउहरु गर्भाधान अवस्था (Heat)

मा नआएको कारण कृत्रिम गर्भाधान कार्यक्रम संचालनको लागि खरिद गरेका तरल नाइट्रोजन उपयोग हुन नसकेको जनाएको छ।

१७.३ **लम्पी स्किन** - लम्पी स्किन रोगको देशभर फैलिएको महामारिबाट यस क्षेत्रका किसानले पालेका गाई भैसी लगायत बस्तुभाउहरुमा समेत उक्त महामारी रोगको संक्रमण फैलिइ धेरै क्षति पुगेकोमा पालिकाले किसानका मरेका बस्तुभाउको तथ्याँक संकलन तथा क्षतिको विवरण संकलन गर्नुपर्नेमा गरेको देखिएन । तथ्याँक तथा क्षतिको विवरण संकलन गर्नु पर्दछ ।

उक्त महामारि रोग फैलिइ किसानले पालेका बस्तुभाउ संक्रमणको कारण मृत्यु वरण गर्ने स्थितिमा पुग्दा समेत जनताको नजिक रहेको स्थानिय सरकारको साधनस्रोतबाट उपचारात्मक नियन्त्रणात्मक कार्यहरुन्यून प्रभावकारी भएको देखियो साथै किसानहरुलाई क्षतिको राहत वितरण गरेको देखिएन ।

शसर्त चालु बजेट उप शिर्षकमा संघिय सरकारबाट आर्थिक वर्षको अन्तमा रु १ लाख बजेट लम्पी स्किन रोग नियन्त्रणको लागि व्यवस्था भएकोमा पालिकाले लम्पी स्किन रोग प्रतिरोधात्मक क्षमता वृद्धि हुने एन्टिबायोटिक लगायत औषधि खरिद गरी पशु उप शाखाहरुबाट पशुपालक किसानहरु लाई सेवा दिएको जनाएको छ । उक्त महामारी घटनाहरुबाट स्थानिय तहले पाठ सिकि देशमा समय समयमा घट्न सक्ने महामारी रोगहरु, संक्रमणहरु र प्राकृतिक विपदहरुबाट हुन सक्ने धनजन बस्तुभाउको क्षतिलाई कम गर्न तत्काल आर्थिक साधनस्रोत सहित विज्ञ जनशक्ति परिचालन मार्फत नियन्त्राणात्मक र उपचारात्मक विधिबाट सामना गरी राहत वितरण गर्न सक्ने संस्थगत क्षमता तयार गर्नु पर्ने देखिन्छ ।

स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्याविधक गरी राखे राख्नु पर्ने व्यवस्था भएकोमा पालिकाले अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख नराखि फर्म तथा व्यक्तीलाई अनुदान उपब्ध गराउने गरेकोले पटक पटक एकै फर्म तथा व्यक्तिले मात्र अनुदान पाएका छैनन भनि आश्वश्त हुन सकिएन। अतः अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख राखि पालिकाको वेभ पेजमा समेत सार्वजनिक गर्नुपर्दछ।

१७.४ **लघु उद्यम विकास कार्यक्रम** – गरिबि निवारणका लागि नयाँ लघु उद्यमी सिर्जना गर्ने, पुराना उद्यमीहरुको स्तरोन्नती गर्ने, लघु उद्यम गर्नको लागि तालिम प्रदान गरी प्रविधि हस्तानतरण गरी सम्भाव्य उत्पादन उत्पादकत्व वृद्धि गर्दै बजार प्रवर्द्धन र प्रतिस्पर्धि गर्ने उद्देश्यले लघु उद्यम विकास कार्यक्रम संचालन गर्न यस वर्ष रु ३० लाख बजेट व्यवस्था भएकोमा रु २८ लाख १९ हजार खर्च भइ ९३.९८ प्रतिशत वित्तिय प्रगति हासिल भएको देखिन्छ। पालिकाले उक्त कार्यक्रमबाट भएको भौतिक तथा भारित प्रगति विवरण तयार गरेको देखिएन। पालिकाले कार्यक्रम संचालनबाट भएको खर्च अनुरुप भौतिक प्रगति तथा गरिबी निबारण, स्वरोजगारी सृजना, लघु उद्यमको विकास र विस्तारमा भएको उपलब्धिको मापन गरी कार्यक्रमको प्रभावकारिताको मूल्याँकन गरि निरन्तरता दिने तर्फ ध्यान दिनुपर्दछ।

१७.५ **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवमा रु. ६०,३६,६००।०० अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा

स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।केहि उदाहरहर अनुसुचिमा संलग्न छन्

(विस्तृत विवरण बेरूजु दफा १७.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तकारी कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वटा वडामा दुवै कार्यक्रमको १३ वटा योजना सञ्चालन गरी यस वर्ष १५७ जनालाई औसत ९८.७२ दिनले १५,७०० दिन रोजगारी उपलव्ध गराई रु. ९०,५८,९००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

१९ **बैङ्क मार्फत वितरण नगरेको-** नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को अनुसूचि ९ मा मिति २०७८।०४।०१ गते देखि अनिवार्य रुपमा बैंङ्किङ्ग प्रणाली मार्फत सम्बन्धित लाभग्राहीको खातामा सामाजिकसुरक्षा भत्ता वितरण गर्ने व्यवस्था लागु भएकोमा यस पालिकाले वडा नं १, २, ३, ले नगद सामाजिक सुरक्षा भत्ता वितरण गरी रु. १,९८,२८,९५०।०० खर्च गरेको पाईएको छ। यसरी समाजिक सुरक्षा भत्ताको नगदै वितरणमा जोखिम हुने भएकाले कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता बैङ्क मार्फत मात्र गरिनु पर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: गौमुल गाउँपालिका, बाजुरा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	जगदिश प्रसाद भट्ट	२०७६-९-२७	हाल सम्म कार्यरत
लेखा प्रमुख	मनिराम खत्री	२०७९-५-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,०६६,८००	१,४०१,८९०	१३,०७५,७४८.४	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१५,५४४,४३८.४
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१५,५४४,४३८.४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३०७८१४६६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२९२९४९०४०	चालु खर्च	२२९०७२१३४
प्रदेश सरकारबाट अनुदान	१४४८३०००	पूँजीगत खर्च	११४९२३०१४
राजश्व बाँडफाँट	६२१०३०२०	वित्तीय/अन्य व्यवस्था	१३०३६९५५१
आन्तरिक आय	३९४२८००.०		
अन्य आय	१०१६४५६२९		
कुल आय	४७५१२३४८९	कुल खर्च	४७४३६४६९९
बाँकी मौज्दात		३१५४०२५६	

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -२

प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४१५७९६०९३.८१	३६०९९०६२२.५		३६०९९०६२२.५	४००००३६५९.८	४००००००	४०४००३६५९.८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४१०९१२९०३.५६	३५४३२२०८२.७३	०	३५४३२२०८२.७३	३९२९७८२४३.४५	४००००००	३९६९७८२४३.४५
११००० कर	११	७१८३६०००	६२६८०५६४.२४	०	६२६८०५६४.२४	४९८४९१७९.६५	०	४९८४९१७९.६५

१३००० अनुदान		३१३५६७०४०	२८८२७६२६१.८९	०	२८८२७६२६१.८९	३४०६४५३६०	४००००००	३४४६४५३६०
संघीय सरकार	१२	२९९०८४०४०	२७७७०१५४१.८९	०	२७७७०१५४१.८९	३२०१०६३६०	४००००००	३२४१०६३६०
प्रदेश सरकार	१२	१४४८३०००	१०५७४७२०	०	१०५७४७२०	२०५३९०००	०	२०५३९०००
१४००० अन्य राजस्व		१९३००००	३१९०२५६.६	०	३१९०२५६.६	१८४७३१२	०	१८४७३१२
१५००० विविध प्राप्ति		२०००००	१७५०००	०	१७५०००	६३६३९१.८	०	६३६३९१.८
३२००० वित्तीय सम्पत्ति		२३३७९८६३.५६	०	०	०	०	०	०
ख. अन्य प्राप्ति		४८८३१९०.२५	६६६८५३९.७७		६६६८५३९.७७	७०२५४१६.३५		७०२५४१६.३५
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		४८८३१९०.२५	०	०	०	१७८९०००	०	१७८९०००
धरौटी		०	६६६८५३९.७७	०	६६६८५३९.७७	५२३६४१६.३५	०	५२३६४१६.३५
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		४१५७९६०९३.८१	३६७१५८९७१.२४		३६७१५८९७१.२४	३७९१०१३६१.५३	४००००००	३८३१०१३६१.५३
ग. भुक्तानी (सञ्चित कोषबाट)		४१०९१२९०३.५६	३६१०४४६०९.७५		३६१०४४६०९.७५	३७५३३११४६.७५	४००००००	३७९३३११४६.७५
२१००० पारिश्रमिक / सुविधा	१८	१०२६७२२५१	९४१८२८६२.६५	०	९४१८२८६२.६५	८४८०९१८७.७७	४०००००	८५२०९१८७.७७
२२००० मालसामान	१८	१४८४०९१९०.५६	१३२७४२७४१.५१	०	१३२७४२७४१.५१	१०८५४४५०६.९२	२४१२६६	१०८७८५७७२.९२

तथा सेवाको उपयोग								
२५००० सहायता (Subsidy)	१८	०	०	०	०	९८२६९४१	०	९८२६९४१
२६००० अनुदान	१८	१५०००००	०	०	०	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	७५२१४२२	६३३०३१७	०	६३३०३१७	९५६६१९८	०	९५६६१९८
२८००० अन्य खर्च	१८	२११००००	२१०९८००	०	२१०९८००	७९९०००	०	७९९०००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१४८७०००४०	१२५६७८८८८.५९	०	१२५६७८८८८.५९	१६१७८५३१३.०६	३३५८७३४	१६५१४४०४७.०६
घ. अन्य भूक्तानी		४८८३१९०.२५	६११४३६१.४९		६११४३६१.४९	३७९१०१३६१.५३	४००००००	३८३१०१३६१.५३
कोषहरु		४८८३१९०.२५	४७६९१४७.२५	०	४७६९१४७.२५	१८९४६००	०	१८९४६००
धरौटी		०	१३४५२१४.२४	०	१३४५२१४.२४	१८७५६१४.७८	०	१८७५६१४.७८
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)			-६१६८३४८.७४		-६१६८३४८.७४	२०९०२२९८.२७		२०९०२२९८.२७
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			३७७००५५८.३५		३७७००५५८.३५	९८१२८२५.३		९८१२८२५.३
वर्षान्तको बाकी रकम (ङ + च)			३१५३२२०९.६१		३१५३२२०९.६१	३०७१५१२३.५७		३०७१५१२३.५७
बैंक तथा नगद बाकी	२४		३१३४१२५४.६१		३१३४१२५४.६१	३१३२५२०५.५२		३१३२५२०५.५२

बेरूजु दफा २.४ सँग सम्बन्धित विवरण- अनुसूची-३

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	३७७००५५८।३८	३६०९९०६२२।५०	३६७१५८९७१।२४	३१५३२२०९।६१
एकीकृत आर्थिक विवरणअनुसार	३०७८१४६५।७	४७५१२३४९०।३०	४७४३६४६९९।९०	३१५४०२५५।७
फरक	६९१९०९२.६८	११४१३२८६७.८	१०७२०५७२८.६६	८०४६.०९

बेरूजु दफा २.६ सँग सम्बन्धित विवरण- अनुसूची-४

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.
स्थानीय तह सञ्चित कोष खाता	१६६५७३३६.५	१६६५७३३६।५४
विविध खर्च खाता	२१५७९९१.५	२१५७९९१।५०
धरौटी	१२५२५९२६.६	१२५२५९२६।५७
प्रकोप ब्यबस्थापन कोष	१९९००१.०९	१९९००१.०९
जम्मा	३१५४०२५५।७	३१५४०२५५।७

बेरूजु दफा ३.५ सँग सम्बन्धित विवरण- अनुसूची-५

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२०२०००००	१६८५६७५७	८३.४५
२	पूर्वाधार विकास	९६८६७०४०	७८०२०६३०.७५	८०.५४

३	सामाजिक विकास	१४५३३१०००	१३५३११६३.३	९५.८६
४	सुशासन र आन्तरसम्बन्धित क्षेत्र	२०९०००००	१९८१७६०४.८४	९४.७९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र	१२७६१४८६३.५६	१०७०३८४५३.८६	८३.८८
जम्मा		४१०९१२९०३।५६	३६१०४४६०९।७५	८७.८६

बेरूजु दफा ७.१ सँग सम्बन्धित विवरण- अनुसूची-६

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद/प्राप्ति मूल्य
घर जग्गा क्षेत्रफल र संख्या सहित		१०७४५ बर्गमिटर	नखुलेको
सवारी साधन (रु.१ लाखभन्दा बढी)		११ वटा मोटरसाईकल	२७७९५१०
मेशिनरी तथा उपकरण (रु.१ लाखभन्दा बढी)		ब्यकोहो लोडर १, जेनेरेटर १, ल्यावटप १०	८०८३६५३
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन		नभएको	
अतिक्रमणमा परेको जग्गा		नभएको	
अतिक्रमण हटाउन गरेको प्रयास			

बेरूजु दफा ११.२ सँग सम्बन्धित विवरण - अनुसूची -७

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	गाँउपालिका प्रशासनिक भवन फर्निचर खरिद ढुवानि तथा फिक्सिङ	GRM/Bajura/Goods/NCB/01/079-80	आलोक मल्टि कन्सर्न	९५०७५९४	५९८९७८४.२२	३७.००%
२	किर्तिचौर मा बि छात्रबास भवन निर्माण योजना	GRM/Bajura/Works/NCB/02/079-80	टि डि आर इन्जिनियरिङ सोलुसन प्रा लि	११४४०८४१.८३	६४७३२०४.०५	४३.४२%
३	कैलाश आ बि भवन निर्माण योजना	GRM/Bajura/Works/NCB/03/079-80	टि डि आर इन्जिनियरिङ सोलुसन प्रा लि	१३९९६७९०.०४	८०१३९८५.२३	४२.७४%

बेरूजु दफा ११.३ सँग सम्बन्धित विवरण - अनुसूची -८

ठेक्का नं	ठेक्काको	सम्झौता मिति	सम्झौता रकम	सम्पन्न गर्नुपर्ने मिति	हाल सम्मको भुक्तानी	म्याद थप अबधि	सुरु अबधिको म्याद थप प्रतिशत

०५।७७-७८	गौमुल १० शैया अस्पताल निर्माण योजना	२०७७।१२।२७	१३३९१५१४१.२९	२०७९।१२।२७	९५८७०१३०.०८	१ वर्ष	५०.००%
०६।७७-७८	गौमुल फनपार्क निर्माण योजना	२०७८।४।३	७१८९९२१.६८	२०८०।०९।३०	३२५२५०२१.३२	१ वर्ष	५०.००%

बेरूजु दफा ११.४ सँग सम्बन्धित विवरण- अनुसूची-९

ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता रकम	विओक्यू मा वीमा रकम	कैफियत
०५।७७।७८	पी एस रोयल जे भि	१३३९१५१४१	५२८९६२।४८	वीमा तथा भुक्तानी नगरेको
०४।७८।७९	मनिस निर्माण सेवा	७०६०५३८	८७५८०	वीमा तथा भुक्तानी नगरेको
०६।२०७७।७८	सि एम प्याराडाईज	७१८९४९२१	१५००००	वीमा तथा भुक्तानी नगरेको
०१।२०७५।७६	किरातेश्वर/ जागृति जे भि	६३४२९४८९।४२३	३०००००	वीमा तथा भुक्तानी नगरेको

बेरूजु दफा ११.६ सँग सम्बन्धित विवरण- अनुसूची-१०

सि.नं.	विषय	विवरण	रु.हजारमा
१		पूंजीगत खर्च	११४९२३.०१

		कुल कन्टिन्जेन्सी खर्च	
		कन्टिन्जेन्सी खर्च	९८५.९५७
१.१	वर्कचार्ज स्टाफ खर्च	मष्टरोल ज्याला	
		सवारी साधन मर्मत	
		दैनिक भ्रमण भत्ता	१९७.०३४
		अन्य	९३
		जम्माः	२९०.०३४
१.२	सानातिना अन्य खर्च	इन्धन	
		स्टेशनरी. छपाई, सूचना प्रकाशन	२५२.५
		मर्मत सम्भार खर्च	
		खप्ने मालसामान	
		सार्वजनिक निर्माण	४४३.४२३
		जम्माः	६९५.९२३
		कूल जम्माः(1.1+1.2)	९८५.९५७

बेरूजु दफा १२.५ सँग सम्बन्धित विवरण-अनुसूची-११

गो .भौ. नं. र मिति	विवरण	भुक्तानी रकम रु.
९।७९।०६।०४	स्वयम सेवक शिक्षक विद्यालय कर्मचारीको परीश्रमिक	९३४२८०।००
८७।७९।०९।१८	स्वयम सेवक शिक्षक विद्यालय कर्मचारीको परीश्रमिक	९३४२८०।००
२५६।८०।०२।०४	स्वयम सेवक शिक्षक विद्यालय कर्मचारीको परीश्रमिक	९३४२८०।००

३३६।८०।०३।०४	स्वयम सेवक शिक्षक विद्यालय कर्मचारीको परीश्रमिक	९३४२८०।००
जम्मा		३७३७१२०।००

बेरूजु दफा १४.३ सँग सम्बन्धित विवरण-अनुसूची-१२

क.सं.	विद्यालयको नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	कैफियत
१	श्री महादेव आधारभुत विद्यालय	२	२०	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
२	श्री कैलाशकोट आधारभुत विद्यालय	२	१७	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
३	श्री हिमशिखर आधारभुत विद्यालय	२	२३	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
४	श्री पाते आधारभुत विद्यालय	२	२२	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
५	श्री धर्मोदय आधारभुत विद्यालय	२	२४	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
६	श्री प्रभात आधारभुत विद्यालय	३	४७	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
८	श्री थुथला आधारभुत विद्यालय	३	७२	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
९	श्री पदमपुर आधारभुत विद्यालय	३	६३	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून

१०	श्री जनज्योति माध्यामिक विद्यालय	६	१६४	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
११	श्री फुलपाटा माध्यामिक विद्यालय	७	१७६	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
१२	श्री गर्जे आधारभुत विद्यालय	२	२१	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
१३	श्री बालविका माध्यामिक विद्यालय	१४	१६१	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
१४	श्री घटाल आधारभुत विद्यालय	६	१३६	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
१५	श्री नवज्योति आधारभुत विद्यालय	३	७५	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
१६	श्री देवस्थली आधारभुत विद्यालय	३	५७	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
१७	श्री सरस्वती आधारभुत विद्यालय	१	२१	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
१९	श्री किर्तीचौर माध्यामिक विद्यालय	२०	५७२	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
२०	श्री कैलाश आधारभुत विद्यालय	३	६०	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
२१	श्री सत्य आधारभुत विद्यालय	३	६५	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून
२३	श्री दुर्गाली आधारभुत विद्यालय	२	१४	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून

		८९	१८१०	शिक्षकको तुलनामा विद्यार्थीको संख्या न्यून

बेरूजु दफा १७.५ सँग सम्बन्धित विवरण- अनुसूची-१३

क सं	अनुदान प्राप्त गर्ने संस्था	अनुदान व्यहोरा	अनुदान रु.
१	श्री बाल विकास माध्यामिक विद्यालय	विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	२५०००००
२	पालिका अन्तर्गतका २३ सामुदायिक विद्यालय	निशुल्क पाठ्यपुस्तक अनुदान	१७६८०००
३	पालिका अन्तर्गतका २३ सामुदायिक विद्यालय	सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति	६१८६००
४	हाईटेक कृषक समूह	२०७९।८० मा नयाँ स्याउ ओखर पकेट विकास कार्यक्रम	१२०००००
५	आला कृषक समूह ३ बाजुरा	२०७९।८० मा नयाँ स्याउ ओखर पकेट विकास कार्यक्रम	१२०००००
६	गौमुल स्याउ ओखर पकेट सञ्चालन समिति	२०७८।७९ मा स्थापना भएको स्याउ ओखर बाली पकेट विकास कार्यक्रम	६०००००

स्याउ तथा ओखर बाली पकेट विकास कार्यक्रम अन्तर्गत रोपिएका ओखरको बिरुवाको हालको अवस्थाको स्थिति सम्वन्धमा पालिकाको वडा नं १ देखि ६ सम्मका वडा कार्यालयहरुले मिति २०८० भाद्र २२ देखि २४ गतेसम्म अनुगमन गरी पालिका कार्यालय समक्ष प्रतिवेदन पेश भएको छ ।उक्त प्रतिवेदनमा औंल्याइए अनुसार ओखर खेती बाली प्रगति उन्मुख भएको जनाएको छ ।यसै गरी वडा कार्यालय तथा पालिकाका कृषि विज्ञबाट ओखर खेतीबालीको समय समयमा अनुगमन गरी खेती किसानहरुलाई पर्ने समस्याको प्राविधिक राय सल्लाह तथा उपचार सेवा दिइ अनुदान लगानीको प्रतिफल प्राप्तीको सुनिश्चित गर्नुपर्दछ ।